**निर्णय नं १.**
पुतलीवजार नगरपालिका स्थायी ठेगाना भई हाल विभिन्न पेशा व्यवसाय गरी काठमाण्डौंमा बसोवास गर्ने नगरवासीहरुसँग यस पुतलीवजार नगरपालिकाको विकास र समृद्धिका लागि यस न.पा.को नीति तथा कार्यक्रमको सम्बन्धमा काठमाण्डौंमा अर्न्तक्रिया कार्यक्रिम मिति २०७५ असोज १९ र २० गते काठमाण्डौंमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं २**
पुतलीवजार नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ को परिच्छेद ३ अनुसार सवै वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने व्यवस्था भएकोले उक्त व्यवस्था अनुसार समिति गठन नभएका वडामा गर्ने र नगर कार्यपालिकामा जानकारी पठाउने र ऐन अनुसार कार्यहरु अगाडि वढाउन सवै वडालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३**
नगर शिक्षा ऐन, २०७४ मा वडा शिक्षा समिति गठन गर्ने व्यवस्था भएकोले सवै वडामा वडा शिक्षा समिति गठन गरी कार्यपालिकालाई जानकारी पठाउने र ऐन अनुसारका काम कारवाही अगाडि वढाउन सवै वडा लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४**
नगरपालिकाको पाश्वचित्र ( नगर प्रोफाईल) तयार गर्न नगरपालिकाले आफैले आफ्नो जनशक्तिवाट सम्पादन नसकिने र सम्भव नहुने कार्यहरु परामर्श सेवा लिने गरी कार्य अगाडि वढाउने घरधुरी सर्वेक्षण फाराम तयार गरी उक्त फारामहरु भर्नको लागि सामाजिक परिचालक र कम्तीमा १० जोड दुई पास गरेका अन्य व्यक्तिहरु वडावाट नियुक्त गरी खटाउने र उक्त कार्यको वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरुवाट अनुगमन गर्ने साथै उक्त फाराम भरे वापत सामाजिक परिचालकहरुले प्रति फाराम रु १०। र अन्य व्यक्तिलाई प्रति फाराम रु २५। खाजा खर्च उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५**
वर्षा याममा यस नगर अर्न्तगतका विभिन्न सडकहरु भत्केको कारण आवत जावत गर्न कठिनाई भइरहेको छ चाडपर्वको समयमा नगरवासीहरुलाई सहज यातायातको सेवा उपलब्ध गराउन उक्त सढकहरुको सामान्य मर्मत सम्भार गर्न पूर्वाधार विकास समितिले वडागत रुपमा तथ्यांक लिई वडाको आवश्यकता अनुसार सफाईको लागि जे.सि.भि प्रयोग गर्ने समय र वजेट निर्धारण गरी पेश गर्ने र पेश भए बमोजिम कार्य गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**
यस पुतलीवजार नगरपालिका अर्न्तगत जिल्ला अस्पताल तथा स्वास्थ्य चौकीमा प्रसुती सेवा संचालन गर्न अ.न.मी.पदहरुमा कार्यालयवाट भएको छनौट र नियुक्ति कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**
लोक दोहरी गीत प्रतिष्ठान नेपालले कार्यक्रम गर्न सहयोग माग गरेकोले उक्त संस्थाको कार्यक्रम सम्पन्न गर्न रु १,००,०००। (एक लाख रुपैया )संघसंस्था अनुदान शिर्षकवाट खर्च लेख्ने गरी अनुदान सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**
हरीतालिका तीज,२०७५ को अवसरमा नगरपालिकाको आयोजनामा संचालित खुल्ला तीज गीत प्रतियोगिता संचालनार्थ भएको खर्च रु १६२४२० । (एक लाख बैसट्ठी हजार चार सय वीस रुपैया ) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

यस वर्ष योजना संचालन गर्न योजना सम्झौता गरी कार्य सम्पन्न भएका निम्न योजनाहरु को रकम गत वर्ष भुक्तानी दिन बाँकी रहेको देखिएकोले संचित कोषमा वाँकी रहेको रकमवाट प्राविधिक प्रतिवेदन बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

१) माझीगाउँ गोविन्दडाडा खा.पा.,पुतलीवजार ११
२) शिवटोल विकास संस्था भवन निर्माण .,पुतलीवजार १३
३) क्रियाखोला रातामाटा मोटरवाटो .,पुतलीवजार १४

**निर्णय नं १०**

नगरपालिकाको शिक्षा ऐन लगायतका विषयमा पूर्व माननीय राजु थापाले नगरपालिका विरुद्व उच्च अदालत पोखरामा मुद्वा दिएको र उक्त मुद्वाको खारेज भै नगरपालिकाको पक्षमा फैसला भै सकेको र उक्त मुद्वाको लिखत तयार वहस पैरवी गर्न अधिवक्ता महेन्द्रमान व्यथितलाई जिम्मा दिईएको हुँदा निजले उक्त कार्य सम्पन्न गर्न गरेको सहयोगको सम्मान गर्दै निजलाई पारिश्रमिक वापत रु ५००००। ( पचास हजार रुपैया) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

नेपाल सरकारवाट यस नगरपालिकामा खटाईएका तत्कालिन कृषि प्रसार अधिकृत श्री खेम नारायण चापागाई मिति २०७५ वैशाक ५ गते उमेर हदको कारण सरकारी सेवावाट निवृत हुनु भएको रिक्त रहेको स्थानमा नेपाल सरकारवाट कर्मचारी हालसम्म नखटाएकाले यस आ.व.मा संचालन गर्नु पर्ने योजना तथा कार्यक्रम संचालनमा वाधा परेको हुँदा नगर कार्यपालिकाको कृषि विज्ञको रुपमा निज ख्याम नारायण चापागाई (पूर्व उप सचिव,नेपाल सरकार) लाई मनोनयन गरी सेवा लिने निर्णय गरियो ।

**निर्णय नं १२**

नगरपालिकामा व्यवसाय कर संकलन सम्वन्धमा यस आ.व.को कर आगामी २०७५ पौष मसान्तसम्म अग्रिम कर तिरेमा १० प्रतिशत छुट दिने। छुट हुने व्यहोराको प्रचार प्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम १३ बमोजिम आ.व. २०७५/०७६ को लागी यस नगरपालिकाको लागि निर्माण सामाग्री ज्याला,तथा महशुल समेतको स्थानीय दररेट निर्धारण सम्बन्धमा मिति २०७५।४।३१ मा वसेको निर्धारण समितिको वैठकवाट पारित दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

नेपाल सरकारवाट हालै निर्धारण गरेको सार्वनजिक यातायातको दररेट भन्दा वढी भाडा रकम नलिन समस्त यातायात सेवा संचालकलाई अनुरोध गर्ने, सो को निगरानीको लागि जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

विजय दशमी, २०७५, शुभ दिपावली, २०७५, छटपर्व २०७५ को उपलक्ष्यमा समस्त नगरवासीमा सुख,समृद्वि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।